**मिति २०७९/३/८ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१. स्थानीय तह निर्वाचनमा भएको खर्च भुक्तानी सम्बन्धमा ।

२. नगरसभा तयारी सम्बन्धमा ।

३. विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि २०७९ सम्बन्धमा ।

४. नीति कार्यक्रम स्वीकृतीको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा ।

५. ऐनको दफा हटाउने सम्बन्धमा ।

६. समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७९ सम्बन्धमा ।

७. स्वास्थ्य नीति सम्बन्धमा ।

८. भुन्टेडाँडा केसर सम्बन्धमा ।

९. सिमेन्ट उद्योगको प्रदुषण कर सम्बन्धमा ।

<u>**निर्णयहरु**</u>

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९ साल बैशाख ३० गते भएको स्थानीय तह सदस्य निर्वाचनमा यस नगरपालिकामा स्थापना भएको निर्वाचन कार्यालयसँग सम्बन्धित विभिन्न शिर्षकमा भएको खर्च रु ८,६५,६५७- नगरपालिको चालु आ.व.मा वचत हुने जुनसुकै श्रोतबाट भुक्तानी खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७९/३/९ र १० गते हुने एघारौ नगरसभाका सन्दर्भमा विभिन्न समिति गठन, चालु आ.व.को संसोधित योजना तथा कार्यक्रम, विभिन्न ऐन कानुन तथा नगरसभाबाट हुनु पर्ने नीतिगत निर्णयहरु स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व.को नीति कार्यक्रम का सन्दर्भमा छलफल भयो । नगर प्रमुख बाट तयार भएको नीति तथा कार्यक्रम सो सम्बन्धमा केही परिमार्जन तथा संसोधन सहितको नीति स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवाशर्त सम्बन्धि) ऐन, २०७८ को दफा १८ को उपदफा ६ खारेज गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा "शितगंगा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" (मस्यौदा) का सन्दर्भमा नगरकार्यपालिकाको मिति २०७९/२/२७ गतेको बैठकबाट लोक सेवा आयोग लुम्बिनी प्रदेशमा राय परामर्श माग गर्ने भनि निर्णय भई सोही बमोजिम यस कार्यालयको च.नं. २०३० मिति २०७९/२/३० गतेको पत्रबाट राय परामर्श माग गरिएकोमा प्रदेश लोक सेवा आयोग लुम्बिनीको च.नं. ६९१ मिति २०७९/३/७ को पत्रबाट उल्लेखित मस्यौदा विधेयकमा केही थप घट सहित शैद्धान्तिक सहमति प्रदान गरेकोले उक्त लोक सेवा आयोगको सहमती पत्रमा प्राप्त थपघट र परिमार्जन गर्नु पर्ने भनि उल्लेखित विषयहरु समावेश गरिएकोले लोक सेवा आयोगको परामर्श तथा शैद्धान्तिक सहमती बमोजिम "शितगंगा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको स्वास्थ्य नीति २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको वडा नं २ भुन्टेडाँडामा रहेको मिनरल्स उद्योगले सोही स्थानमा खानी संचालन गरिरहेको विषयमा जिल्ला समन्वय समिति अर्घाखाँचीको च.नं. १५७ मिति २०७८/११/१८ को पत्रबाट जिल्ला अनुगमन समितिको निर्णय संलग्न राखी निर्णय कार्यान्वयन गरी जानकारी दिन भनि लेखिआएको सन्दर्भमा मिति २०७८/१२/७ गतेको कार्यपालिकाको बैंठकबाट सो सम्बन्धमा गरेको निर्णय जानकारीको लागि पठाईएकोमा जिल्ला समन्वय समितिको कार्यालय अ.खा.को च.नं. २०२ मिति २०७९/२/२४ गतेको पत्रसाथ जिल्ला अनगमन समितिको निर्णय संलग्न राखी पूर्व निर्णय बमोजिम उद्योगले संचालन गरेको खानी तत्काल रोक्न र खानी विभागबाट अनुमती लिएरमात्र उत्खनन् कार्य सुचारु गराउनका लागि शितगंगा नगरपालिकालाई निर्देशन दिने भनि गरेको निर्णय सहित लेखि आएकोले प्राप्त निर्देशन बमोजिम खानी विभागबाट अनुमती लिएरमात्र खानी संचालन कार्य गर्न सम्बन्धित पक्षलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ मा रहेको सिमेन्ट उद्योगलाई चालु आ.व.मा लगाईएको वातावरणीय शुल्कमा आ.व. २०७९/०८० मा रु १५००००।- थप गरी ८ लाख बातावरणीय शुल्क बापत लिने निर्णय गरियो ।

आज संचालन भैरहेको बैठक सर्वसम्मत निर्णय गर्दै भोलि विहान ८:०० वजे पुन बैठक वस्ने निर्णय गरियो ।

**मिति २०७९/३/९ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. आगामी आ.व.को आर्थिक विधेयक, विनियोजन विधेयक, बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा ।

२. न्यायिक समिति प्रतिवेदन सम्बन्धमा ।

३. न्यायीक समिति गठन सम्बन्धमा ।

४. एमआईएस अप्रेटर र फिल्ड सहायक कर्मचारीको तलव भत्ता सम्बन्धमा ।

५. माटो ढुङ्गा निकासी तथा रोयल्टी सम्बन्धमा ।

६. सडक हेरालु सम्बन्धमा ।

६. गौरवका सडक योजनाको नाम संसोधन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को आर्थिक विधेयक, विनियोजन विधेयक, बजेट, योजना तथा कार्यक्रम स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को हाल सम्म न्यायीक समितिबाट सम्पादन गरिएको कार्यहरुको सन्दर्भमा उप- प्रमुख बाट पेश भएको प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा समितिमा उप- प्रमुखको संयोजकत्वमा रहने न्यायीक समिति निम्न बमोजिम गठन गर्ने र अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक श्री गीता भाट नगर उप-प्रमुख शितगंगा नगरपालिका

सदस्य श्री केशव प्रसाद वेल्वासे वडा अध्यक्ष

सदस्य श्री चन्द्रमणि वेल्वासे वडा अध्यक्ष

**निर्णय नं.- ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत एमआईएस अपरेटर तथा फिल्ड सहायक कर्मचारीहरुको प्रतिवद्धता बमोजिम आधा रकम तलव भत्ता यस नगरपालिकाले समपुरकको रुपमा व्यहोंने व्यवस्थाको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका भित्र भई रहेका विकास निर्माणका तथा व्यक्तिगत निर्माणको लागि ढुङ्गा आवश्यक परेको भनि र योजना निर्माण गर्दा निस्कीएको माटो समेत हटाउने

कार्यको लागि अनुमती माग भई छुट्टाछुट्टै निवेदनहरु पेश भएकोमा यस नगरपालिका क्षेत्र भित्र भई रहेका विकास निर्माणमा समेत ढुङ्गाको अभाव भई निर्माण प्रकृया रोकिने अवस्था समेत भएकोले नियमानुसारको रोयल्टी बुझाई प्राकृतिक रुपमा असर नपर्ने तथा नविग्रीने गरी बाहिर निस्कीएको वा जम्मा गरिएको ढुङ्गाहरु विक्री गर्न तथा माटो हटाउन बढीमा १० दिन भित्र गर्ने गरी तपशिलका निवेदकहरुलाई माग बमोजिम अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

(क) शिनपा २ डुडकट्टा धारा निवासी सुक बहादुर नेपालीको निवेदन अनुसारको सोही स्थानमा रहेको आफ्नो वुवाको नाममा रहेको जग्गाबाट ढुङ्गा नियमानुसारको रोयल्टी बुझाई विक्री गर्न अनुमती दिने ।

(ख) सावित्रा देवि घिमिरे शिनपा २ दमारको निवेदन अनुसार आफनो खेत सम्मो बनाउदा निस्कीएको ढुङ्गा नियमानुसारको रोयल्टी बुझाई विक्री गर्न अनुमती दिने ।

(ग) कृष्णसेन स्च्छुक पार्क निर्माण समिति अध्यक्षको निवेदन अनुसार शिनपा ८ मा निर्माण भई रहेको कृष्णसेन इच्छुक स्मृती पार्क निर्माण गर्दा निस्कीएको माटो वडा कार्यालयमा रोयल्टी बुझाई लैदान अनुमती दिने ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको एक मात्र कालोपत्रे भित्री चाक्ला हर्रे सडक वर्षाको कारण हुने क्षतिबाट संरक्षण र नियमित यातायात संचालन गर्न मिति २०७९ आषाढ १२ गते देखि मिति २०७९ भाद्र मसान्त सम्म उक्त सडक खण्डमा २ जना सडक हेरालु राखी नियमित रेखदेख, सामान्य पहिरो हटाउने भल सोझाउने झाडी सरसफाई जस्ता कार्य गराउने र सडक हेरालुलाई प्रतिदिन रु ५२०।- का दरले ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत नगरपालिकाका गौरवका चार सडक मध्येको एक पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) चाक्ला देउराली विकम सडक भनि नामाकरण भई तथा कार्य हुदै आएकोमा केही बस्ती समेट्नु पर्ने, बाटो सुधार गर्नु पर्ने र अन्य निकाय तथा क्षेत्रबाट समेत वजेट प्राप्त हुदा दोहोरो हुने सम्भावनालाई समेत मध्यनजर गर्दै उक्त सडकको नाम सुधार तथा परिवर्तन गरी **भेडामारे सिमलपानी बौरी भाटगाउँ चिदिचौर हुदै चोलारानी ढाव पावरा विकम पिपरा** सडक नामाकरण गर्ने निर्णय गरियो ।

**मिति २०७९/३/१० को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. लामो दुरीको झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।

<u>**निर्णयहरु**</u>

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको ठाडा बाट पदमे कैलासे क्षेत्र हेर्दा नजिकै देखिने तर घुमेर जादा निकै समय लाग्ने अवस्था रहेकोले उक्त कैलासे पद्मो कालिमाटी लगायतको क्षेत्रका बासिन्दालाई ठाडासँग प्रत्यक्ष जोडी जिवन यापन सहज बनाउन तथा पर्यटकीय दृष्टीकोणले समेत सुपा मन्दिरमा आउने भक्तजनहरुलाई आर्कषण गरी एउटा महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थलनको रुपमा विकास गर्न सकिने भएकोले ठाडा माइकाथान आसपासबाट कालिमाटी/पद्मे को उपयुक्त स्थानमा लामो दुरीको झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत